# माछापुच्छ्रे गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः ०७ संख्याः १४ मितिः २०८०।०८।०४

## भाग-२

सम्बत् २०८० सालको कार्यविधि नं ६

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम गाउँ कार्यपालिकाबाट पारित **"माछापुच्छ्रे गाउँपालिकाको लागत साझेदारीमा पुर्वाधार सम्बन्धी कार्यविधि, २०८०"** सर्वसाधरणको जानकारीका लागि प्रकाशन गरिएको छ।

माछापुच्छ्रे गाउँपालिका

## माछापुच्छ्रे गाउँपालिकाको लागत साझेदारीमा पुर्बाधार बिकास सम्बन्धी कार्यबिधि,२०८०

यस गाउँपालिकामा हुने सडक पुर्वाधारका विकास कार्यमा जनताको अधिकाधिक अपनत्व, रोजगारी सिर्जना, सडक पुर्बाधारको आबश्यकताको आधारमा विकास तथा अल्पकालिन र दीर्घकालिन महत्व राख्ने योजना निर्माणमा सहभागिता सुनिश्चित गर्दै पुर्बाधार निर्माण मार्फत समृद्ध माछापुच्छ्रे निर्माणमा टेवा पुर्याउने उदेश्यले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ तथा माछापुच्छ्रे गाउँपालिकाको प्रशासकीय कार्यबिधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम माछापुच्छ्रे गाउँपालिका गाउँकार्यपालिकाले यो कार्यबिधि तयार गरी लागु गरिएको छ ।

### परिच्छेद १

### संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

**१. संक्षिप्त नाम तथा प्रारम्भः** (१) यो कार्यबिधिको नाम " माछापुच्छ्रे गाउँपालिकाको लागत साझेदारीमा पुर्बाधार बिकास सम्बन्धी कार्यबिधी, २०८०" रहेको छ ।

(२) यो कार्यबिधि तुरुन्त लागु हुनेछ ।

**२. परिभाषाः** विषय वा प्रसंङगले अर्को अर्थ नलागेमा यस कार्यबिधिमा,

क) "ऐन" भन्नाले स्थानीय सरकार संचालन ऐन लाई सम्झनु पर्दछ,

ख) "कार्यबिधि" भन्नाले " माछापुच्छ्रे गाउँपालिकाको लागत साझेदारीमा पुर्बाधार बिकास सम्बन्धी कार्यबिधी, २०८०" सम्झनु पर्दछ ।

ग) "कार्यक्रम" भन्नाले पुर्बाधार बिकास कार्यक्रम लाई सम्झनु पर्दछ ।

घ) "गाउँपालिका" भन्नाले माछापुच्छ्रे गाउँपालिकालाई सम्झनु पर्दछ ।

ङ) "गाउँ कार्यपालिका" भन्नाले माछापुच्छ्रे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

च) साझेदार भन्नाले उपभोक्ता समिति वा टोल सुधार समिति तथा संस्था लाई बुझिन्छ र साझेदारी कार्यक्रम भन्नाले यस गाउँपालिका सँगको समन्वयमा संयुक्त लागानिमा गरिने पुर्बाधार बिकास सम्बन्धी गरिने काम तथा योजनालाई सम्झनु पर्दछ ।

छ) "योजना व्यवस्थापन तथा अनुगमन समिति" भन्नाले माछापुच्छ्रे गाउँपालिका अध्यक्षको अध्यक्षतामा गठित समिति सम्झनु पर्दछ ।

ज) "अध्यक्ष" भन्नाले माछापुच्छ्रे गाउँपालिका अध्यक्षलाई सम्झनु पर्दछ ।

झ) "प्रमुख प्रशासकीय अधिकृत भन्नाले" माछापुच्छ्रे गाउँपालिकाको कार्यालय प्रमुखलाई जनाउँछ ।

## परिच्छेद २

## साझेदारी कार्यक्रम तथा योजनाको क्षेत्र

**३. साझेदारी कार्यक्रम संचालन हुने क्षेत्र देहाय अनुसार हुनेछः**

क) सडक पुर्बाधार ।

## परिच्छेद ३

## कार्यक्रमको संचालन

**४. कार्यक्रम तथा योजनाको छनौटः** क) साझेदारी कार्यक्रम तथा योजना टोल बस्ती र वडा समितिबाट छनौट गरि कार्यपालिकाले स्विकृत गरेको हुनुपर्नेछ।

ख) कार्यक्रम तथा योजना उपभोक्ता समिति वा टोल सुधार समिति सँग मिलेर गर्न सकिनेछ ।

**५. प्रस्तावको ढाँचाः**

क) साझेदारी योजना तथा कार्यक्रम संचालन गर्नको लागि गाउँ पालिकाले सूचना प्रकाशन गर्नेछ ।

ख) साझेदारी कार्यक्रम तथा योजना संचालन गर्नको लागि प्रस्तावकले लागत साझेदारीको सुनिश्चितता भएको, कुनै बिबाद नभएको, समुदायलाई दीर्धकालिन महत्व बोकेको, प्राकृतिक स्वरुपमा असर नपर्ने गरी संचालन गरिने छ भनि समितिले स्वघोषणा सहित प्रस्ताव पेश गर्नुपर्नेछ ।

**६. साझेदारीको हिस्साः**

क)साझेदारी गर्न चाहने उपभोक्ता समिति वा टोल बिकास समितिले कम्तिमा ३० प्रतिशत वा सोभन्दा बढी लागत साझेदारी गर्न सक्नेछ ।साझेदारीमा संचालन हुने आयोजनाको लागत अनुमान कम्तिमा रु. १४,२८,५७२।— (अक्षरुपी चौध लाख अठ्ठाईस हजार पाँच सय बहत्तर मात्र) भएको हुनुपर्नेछ।

माछापुच्छ्रे गाउँपालिका

ख) कार्यक्रम तथा योजना एक आर्थिक बर्षमा सम्पन्न गर्नु पर्नेछ ।

ग) साझेदारी गर्ने उपभोक्ता समितिलि लागत साझेदारीको कम्तिमा ३० प्रतिशत हिस्सा गाउँपालिकाले तोकेको खातामा नगदै जम्मा गरेको भौचर सम्झौता गर्दाको बखत नै पेश गर्नुपर्दछ ।

घ) भवन निर्माण बाहेकको दीर्घकालिन महत्व बोक्ने सामाजिक आबश्यकताको सडक पुर्वाधारलाई प्राथमिकता दिईनेछ ।

## परिच्छेद ४

## व्यवस्थापन

७. कार्यक्रम संचालन, व्यवस्थापन अनुगमन र सहजिकरणको लागि गाउँपालिकामा देहायबमोजिमको योजना तथा कार्यक्रम संचालन, ब्यवस्थापन तथा अनुगमन समिति रहनेछ

क) अध्यक्ष — अध्यक्ष

ख) उपाध्यक्ष — सदस्य

ग) सम्बन्धित वडाको वडा अध्यक्ष — सदस्य

घ) प्रमुख प्रशासकीय अधिकृत — सदस्य

ङ) सम्बन्धित बिषयगत शाखाको प्रमुख — सदस्य सचिव

नोटः सम्बन्धित बिषयको विज्ञलाई आमन्त्रण गर्न सकिनेछ । यस समितिले जुनसुकै बेला अनुगमन गर्न सक्नेछ साथै आबश्यक निर्देशन समेत दिन सक्नेछ ।

८. कार्यक्रम तथा योजनाको संचालन, ब्यवस्थापन तथा अनुगमन समितिको काम कर्तव्य र अधिकार कार्यपालिकाले तोके बमोजिम हुनेछ ।

९. कार्यक्रम तथा योजनाको अन्तिम भुक्तानी गर्दा अन्य योजना तथा कार्यक्रम जस्तै सम्पुर्ण प्रक्रिया पुरा गर्नुपर्नेछ साथै यस कार्यबिधिको दफा ७ बमोजिमको समिततको सिफारिस समेत आबश्यक पर्नेछ।

१०. पारदर्शिता र उत्तरदायित्वः यस कार्यक्रमको पारदर्शिता तथा उत्तरदायीत्व प्रबर्दन गर्ने जिम्मेवारी गाउँपालिका र समितिको संयुक्त रुपमा रहनेछ ।

११. बाधा अडकाउ फूकाउ र ब्याख्या गर्न सक्नेः गाउँपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर संसोधन, व्याख्या वा बाधाअडकाउ फुकाउ फुकाउन सक्नेछ ।

**आज्ञाले**

**गोपि कृष्ण अर्याल**

**प्रमुख प्रशासकीय अधिकृत**

माछापुच्छ्रे गाउँपालिका